# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. :३९९

मिति: २०८३/०१/११ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### जेन्जी आन्दोलनमा लुटिएको पेस्तोल सहित २ जना मानिसहरु पक्राउ

लागु औषध खैरो हेरोईनको कारोवार भई रहेको भन्ने सूचनाको आधारमा यस कार्यालयबाट खटिएका प्रहरी टोलीले खोजतलास गर्दै जाँदा मिति २०८३।०१।११ गते १५:२० बजेको समयमा जिल्ला काठमाडौं, शंखरापुर न.पा.वडा न-५ सालिनदी स्थित खोला किनारको खेतमा ४ जना पुरूष व्यक्तिहरू शंकास्पद गतिविधी गरिरहेको अवस्थामा फेला पारी निजहरूलाई नियन्त्रणमा लिन खोज्दा जिल्ला मकवानपुर बकैया गा.पा.वडा न-३ स्थायी ठेगाना भएका बर्ष ३५ को राम भन्ने जिवन जिम्बाले आफ्नो साथबाट पेस्तोल निकाली प्रहरी टोली माथि १ राउण्ड गोली प्रहार गरेकाले आत्मरक्षाको लागि तत्काले प्रहरी टोलीले पेस्तोलबाट ३ राउण्ड हवाई फायर गरी निजलाई पेस्तोल भुईमा राखी आत्मसमर्पण गर्न चेतावनी दिंदा समेत अटेर गरेकाले प्रहरी टोलीले निजलाई बायाँ घुँडा मुनीको भागमा १ राउण्ड गोली प्रहार गरी निज राम भन्ने जिवन जिम्बा र निजसँगै रहेका जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा.वडा न-१ ठेगाना भएका बर्ष  ३४ को वीर बहादुर तामाङलाई नियन्त्रणमा लिई घाईते राम भन्ने जिवन जिम्बालाई तत्काले उपचारको लागि सुस्मा कोईराला मेमोरियल अस्पताल सलम्बुटार साँखुमा पठाईएको, घटनास्थलबाट Beretta पेस्तोल थान १,म्याग्जिनमा लोड भएको अवस्थामा गोली ३ राउण्ड बरामद गरी बरामद पेस्तोल, गोली र घटनास्थलबाट पक्राउमा परेका वीर बहादुर तामाङलाई आवश्यक अनुसन्धान कार्वाहीको लागि प्रहरी बृत्त बौद्ध काठमाडौंमा बुझाईएको।

साथै घटनास्थलबाट फरार रहेका २ जना व्यक्तिहरूको खोजतलास भईरहेको।



**सह-प्रवक्ता**

( जिवन निरौला )

प्रहरी नायव उपरीक्षक

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]

इमेल: [ncb@nepalpolice.gov.np]